मिति २०७८/०८/१६ वैठक संख्याः ७९

आज मिति २०७८/०८/१६ गते दिनको १:०० बजे यस देवघाट गाउँपालिकाका अध्यक्ष श्री दुर्ग बहादुर थापाको ज्युको अध्यक्षतामा देवघाट गाउँकार्यपालिकाको वैठक बस्यो ।

उपस्थिती:

| | नामथर | पद |
|---|---|---|
| १) | श्री दुर्ग बहादुर थापा | गा.पा. अध्यक्ष |
| २) | श्री बिमला थापा | गा.पा. उपाध्यक्ष |
| ३) | श्री रमेश सुवेदी | सचिव (प्रमुख प्रशासकिय अधिकृत) |
| ४) | श्री भिम बहादुर गुरुङ | १ नं. वडाध्यक्ष |
| ५) | श्री पोल बहादुर आले | २ नं. वडाध्यक्ष |
| ६) | श्री कृतिमान आले | ३ नं. वडाध्यक्ष |
| ७) | श्री पदम बहादुर गुरुङ | ४ नं. वडाध्यक्ष |
| ८) | श्री याल बहादुर गुरुङ | ५ नं. वडाध्यक्ष |
| ९) | श्री चन्द्र प्रकाश वि.क. | गा.का.पा. सदस्य |
| १०) | श्री रत्न बहादुर बोटे | गा.का.पा. सदस्य |
| ११) | श्री बाल कुमारी परियार | गा.का.पा. सदस्य |
| १२) | श्री भोगी माया राना | गा.का.पा. सदस्य |
| १३) | श्री अनिता गुरुङ | गा.का.पा. सदस्य |
| १४) | श्री यम माया गुरुङ | गा.का.पा. सदस्य |

कर्मचारी उपस्थिती:

श्री उमानाथ ढकाल (लेखा अधिकृत)

श्री गोविन्द प्रसाद पौडेल (अधिकृत)

## देवघाट गाउँपालिका

**वैठक संख्या ७९**

**मितिः २०७८/०८/१६**

**प्रस्तावहरु:**

१. समिक्षा तथा जानकारी .................
२. सुन्तला ठेक्का व्यवस्थापन अनुमोदन सम्बन्धमा ।
३. सि.टि. हल भाडा सम्बन्धमा ।
४. ढुङ्गा, गिट्टी बालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धि कार्यदल गठन सम्बन्धमा ।
५. योजना सम्झौता सम्बन्धमा ।
६. मिति २०७८ मंसिर १७ देखि २६ गते सम्म पालिका केन्द्रमा हुने मतदाता नामावली संकलन कार्यको सहयोग, प्रचार प्रसार गर्ने सम्बन्धमा ।
७. अध्यक्ष व्याडमिन्टन कपको लागि रु. १,००,०००/- (एक लाख) सहयोग सम्बन्धमा ।
८. घण्टाचुली पर्यटकीय भ्यू टावर शिलन्यास र घण्टाचुली पर्यटन महोत्सव सम्बन्धमा ।
९. नदी घाट ठेक्का व्यवस्थापन सम्बन्धमा ।
१०. नदीजन्य पदार्थको उत्खनन र संकलन कार्ययोजना सम्बन्धमा ।
११. देवघाटधाम गण्डकी परिक्रमाको केही खर्च देवघाट क्षेत्र विकास समितिलाई आर्थिक सहयोग गर्ने सम्बन्धमा ।
१२. पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाको लागि तेस्रो पक्ष अनुगमन तथा सहजीकरण संघ-संस्था छनौट गर्ने सम्बन्धमा ।
१३. छात्रवृत्ति सम्बन्धमा ।

**निर्णयहरु:**

१. अघिल्लो वैठकको निर्णयहरुको कार्यान्वयन प्रगतिको समीक्षा गरियो । साथै आ.व. २०७७/०७८ को वार्षिक प्रगति समीक्षा तथा चालु आ.व. २०७८/०७९ को प्रथम चौमासिक अवधिको प्रगति समीक्षा गरियो ।

२. वडा नं. २ र ३ मा उत्पादन हुने सुन्तला (स्थानीय उत्पादन) देवघाट क्षेत्र बाहिर लैँजादा लगाइने कर संकलन गर्न ठेक्काको लागि ७ दिने सूचना प्रकाशन गरेको तर म्यादभित्र कुनै निवेदन (बोलपत्र) नपरेकोले वार्ताद्वारा सम्झौता गरी ठेक्का दिने निर्णय गरियो ।

३. बहु उद्देश्यिय सभा हलको भाडा कार्यक्रमको प्रकृति र उपस्थिति हेरी दैनिक ५० जना सम्मको उपस्थितिलाई रु. १०००/- ५० जना भन्दा बढीको उपस्थितिको लागि रु. २,०००/- सम्म हल भाडा लिने निर्णय गरियो ।

४. ढुङ्गा, गिट्टी, वालुवा उत्खनन बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड, २०७५ को दफा ९ (७) अनुसार ढुङ्गा, गिट्टी, बालुवा उत्खनन बिक्री तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक सहयोग, अनुगमन तथा सिफारिस गर्नको लागि तपसील अनुसारको एक कार्यदल गठन गर्ने निर्णय गरियो ।

(१) गाउँपालिका उपाध्यक्ष श्री विमला थापा - संयोजक

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(२) वडा नं. ५ का वडाध्यक्ष श्री याल बहादुर गुरुङ - सदस्य
(३) वडा नं. ४ का वडाध्यक्ष श्री पदम बहादुर गुरुङ - सदस्य
(४) वडा नं. १ का वडाध्यक्ष श्री भिम बहादुर गुरुङ - सदस्य
(५) गाउँपालिकाको वातावरण निरिक्षक श्री ध्रुव आचार्य - सदस्य
(६) पूर्वाधार शाखा प्रमुख श्री त्रिशा शर्मा - सदस्य-सचिव

५. आ.व. २०७८/०७९ को वार्षिक नीति, कार्यक्रम तथा वजेट अनुसार योजना कार्यान्वियन गर्ने क्रममा हाल स्रोत सिमित रहेको कारणले गर्दा श्रोत सुनिश्चितताको आधारमा कार्यालयको निर्णयानुसार योजनाहरु कार्यान्वियन गर्ने निर्णय गरियो ।

६. मिति २०७८ मंसिर १७ गते देखि मंसिर २६ गते सम्म यस गाउँपालिका केन्द्रमा हुने मतदाता नामावली संकलन कार्यक्रमको जानकारी भयो । उक्त कार्यक्रमको सबै वडामा वडा कार्यालयले प्रचार-प्रसार गर्ने निर्णय गरियो ।

७. अध्यक्ष ब्याडमिन्टन कप खेलाएको देवघाट खेलकुद विकास समितिलाई रु. १,००,०००/- (एक लाख रुपैया मात्र) नगद अनुदान सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

८. घण्टाचुली पर्यटकीय पूर्वाधार विकास निर्माण गर्ने क्रममा पूर्वाधार निर्माण गर्न मिति २०७८/०८/१७ गते शिलान्यास गर्ने निर्णय गरियो ।

९. गत वर्ष २ वर्षको लागि तयार भएको IEE अनुसार राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिबाट स्वीकृत भएको त्रिशुली नदी तथा कालीगण्डकी नदी घाटबाट तपसील अनुसारको नदीजन्य पदार्थ उत्खनन तथा बिक्रीको लागि आय ठेक्का लगाउने निर्णय गरियो । साथै गत वर्षको IEE प्रतिवेदन भएकोले आय ठेक्का लगाई कार्ययोजना सहित राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिलाई जानकारी गराउने निर्णय गरियो ।

| सि.नं. | नदिको नाम | घाटको नाम | IEE प्रतिवेदन बमोजिम उत्खनन् सिफारिस परिमाण (घ.मी.) | आ.व. २०७७/७८ मा उत्खनन् भएको परिमाण ( घ.मी.) | आ.व. २०७८/७९ मा ठेक्का लगाउन सकिने परिमाण ( घ.मी.) | दररेट ( प्रति घ.मी.) रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | त्रिशूली नदि | सेती भतेरी | ८,८९३ | ८,८९२ | ८,८९३ | २४६.९६ | २,१९६,२१५ | १०० % |
| २ | त्रिशूली नदि | भूवनटार माथिल्लो | ५१,५७० | ५,५६५ | ३६,०९९ | २४६.९६ | ८,९१५,००९ | ७०% |
| ३ | त्रिशूली नदि | भूवनटार तल्लो | २०,०६५ | १४,३३५ | २०,०६५ | २४६.९६ | ४,९५५,२५२ | १०० % |
| ४ | त्रिशूली नदि | बबैघाट | ७,१८२ | - | ३,५९१ | २४६.९६ | ८८६,८३३ | ५०% |
| ५ | त्रिशूली नदि | गाईघाट | ३,८९७ | - | २,७२८ | २४६.९६ | ६७३,६८२ | ७०% |
| ६ | कालीगण्डकी नदि | काली भतेरी माथिल्लो | ५३,६१६ | ७,५०० | २६,८०८ | २४६.९६ | ६,६२०,५०४ | ५०% |
| ७ | कालीगण्डकी नदि | काली भतेरी तल्लो | २१,३१४ | ८,८७८ | १४,९२० | २४६.९६ | ३,६८४,५९४ | ७०% |
| ८ | कालीगण्डकी नदि | सांढेवगर (तल्लो र माथिल्लो) | १६,३१५ | - | ८,१५८ | २४६.९६ | २,०१४,५७६ | ५०% |
| ९ | कालीगण्डकी नदि | चांपखोला घाट | २,३६४ | २,३६४ | १,१८२ | २४६.९६ | २९१,९०७ | ५०% |
| १० | कालीगण्डकी नदि | सिद्धिखोला घाट १ | ३,७२८ | - | १,८६४ | २४६.९६ | ४६०,३३३ | ५०% |

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

| सि.नं. | नदिको नाम | घाटको नाम | IEE प्रतिवेदन बमोजिम उत्खनन् सिफारिस परिमाण (घ.मी.) | आ.व. २०७७/७८ मा उत्खनन् भएको परिमाण ( घ.मी.) | आ.व. २०७८/७९ मा ठेक्का लगाउन सकिने परिमाण ( घ.मी.) | दररेट ( प्रति घ.मी.) रु. | जम्मा रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ११ | कालीगण्डकी नदि | सिद्धिखोला घाट २ | ९५४ | - | ४७७ | २४६.९६ | ११७,८०० | ५०% |
| १२ | कालीगण्डकी नदि | कालिका टार घाट | ५,४६० | - | २,७३० | २४६.९६ | ६७४,२०१ | ५०% |
| १३ | कालीगण्डकी नदि | वर्षाखोला घाट | ३,४८० | - | १,७४० | २४६.९६ | ४२९,७१० | ५०% |
| १४ | कालीगण्डकी नदि | कोठी घाट | २,६२० | १,३१० | १,३१० | २४६.९६ | ३२३,५१८ | ५०% |
| १५ | कालीगण्डकी नदि | वालुवा स्वांरा घाट | ३,५०० | - | १,७५० | २४६.९६ | ४३२,१८० | ५०% |
| १६ | कालीगण्डकी नदि | छेरांगा खोला घाट | ७९२ | - | ३९६ | २४६.९६ | ९७,७९६ | ५०% |
| १७ | कालीगण्डकी नदि | चिन्डे खोला दोभान घाट | ४८० | - | २४० | २४६.९६ | ५९,२७० | ५०% |
| १८ | कालीगण्डकी नदि | दरंगखोला घाट | ४७० | - | २३५ | २४६.९६ | ५८,०३६ | ५०% |
| १९ | सेती नदि | मास्दीघाट | ५,०५६ | २,५२८ | ३,५३९ | २४६.९६ | ८७४,०४१ | ७०% |
| २० | सेती नदि | ङाल्दीघाट माथिल्लो खण्ड | ७,१०४ | - | ४,९७३ | २४६.९६ | १,२२८,०८३ | ७०% |
| २१ | सेती नदि | ङाल्दीघाट तल्लो खण्ड | ७,२९६ | - | ५,१०७ | २४६.९६ | १,२६१,२७४ | ७०% |
| २२ | सेती नदि | साराङ घाट | ६,४२१ | - | ४,४९५ | २४६.९६ | १,११०,०११ | ७०% |
| २३ | सेती नदि | आईलिम घाट माथिल्लो खण्ड | ४,९८४ | - | ३,४८९ | २४६.९६ | ८६१,५९४ | ७०% |
| २४ | सेती नदि | आईलिम घाट तल्लो खण्ड | ६,४३९ | - | ४,५०७ | २४६.९६ | १,११३,१२३ | ७०% |
| २५ | सेती नदि | चामनघाट माथिल्लो खण्ड | ३,७८० | - | २,६४६ | २४६.९६ | ६५३,४५६ | ७०% |
| २६ | सेती नदि | चामनघाट तल्लो खण्ड | १,७२८ | - | १,२१० | २४६.९६ | २९८,७२३ | ७०% |
| | | जम्मा | २४९,५०८ | ५१,३७२ | १६३,१५१ | | ४०,२९१,७२२ | |

१०. नदीजन्य पदार्थको उत्खनन र संकलन कार्ययोजना स्वीकृत गर्ने निर्णय गरियो ।

११. देवघाटधाम गण्डकी परिक्रमा (धार्मिक यात्रा) मा भएको खर्चमध्ये देवघाट गाउँपालिकाबाट रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र) देवघाट क्षेत्र विकास समितिलाई नगद सहयोग अनुदान संस्कृति, पर्यटन शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

१२. पूर्ण सरसफाई उन्मुख गाउँपालिका घोषणाको लागि तेस्रो पक्ष (संघ-संस्था) बाट अनुगमन तथा सहजीकरणको लागि एक अनुगमन तथा सहजीकरण संघ-संस्था छनौट गर्ने निर्णय गरियो ।

१३. वडा नं. ५ का अमिर आचार्यको पत्नि मिना आचार्यको मिति २०७५/०४/०४ गते सुत्केरी भई २०७५/०४/०७ गते मृत्यु भएको र जन्मिएका अमिष आचार्य र अमिषा आचार्य टुहुरा भएका र निज २ जना बच्चाहरु हाल अध्ययन गर्ने समय भएको र अध्ययन गर्नको लागि शिक्षा कोषबाट रु. ५०,०००/- (अक्षेरुपी पचास हजार रुपैया मात्र) बच्चाहरुको नाममा मुद्दती खाता खोल्न लगाई उक्त खातामा छात्रवृत्ति स्वरुप जम्मा गर्ने निर्णय गरियो ।

दुर्गा बहादुर थापा
अध्यक्ष

रमेश सुवेदी
प्रमुख प्रशासकीय अधिकृत